नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ४० २०७९ साल भदौ १६ गते बिहीबार (1 Sep 2022 Thursday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नवौं राष्ट्रिय खेलकुद : चार दशकपछि. ३ पृष्ठमा : साइबर अपराधबाट कसरी ... ३ पृष्ठमा :कोरियामा कोरोनाबाट...

## मिटरब्याजी साहलाई पक्राउ गर्न माँग गर्दै प्रर्दशन




**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीको खडक नगरपालिका वडा नं. ७ कल्याणपुरका चर्चित मिटरब्याजी रामदेव साहलाई पक्राउ गर्न माग गर्दै बुधवार राजविराजमा उनीबाट पीडित भएकाहरुले प्रर्दशन गरेका छन् ।

स्थानीय शिवमन्दिर प्रांगणमा भेला भएका पीडितहरुले मिटरब्याजी साहलाई अविलम्ब पक्राउ गर, मिटरब्याज लिएर गरिब असहायलाई उठिवास गराउने साहुकार साह परिवारलाई कारवाही गर लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

मिटरब्याजी प्रकरण अर्न्तगत ठगी तथा अपराधीक विश्वासघात मुद्दाका फरार प्रतिवादी रहेका साहलाई पक्राउ गर्न विगत दुई महिनाको अवधीमा पीडितहरुले बुधबार ११ औं पटक प्रदर्शन गरेका हुन् ।

यस अघि मिटरब्याजी साहबाट पीडित भएकाहरुद्वारा गठित संर्घष समितीले १० पटक उनको पक्राउको माग गर्दै सदरमुकाम राजविराजमा प्रर्दशन गरिसकेका छन् ।

यता साहका छोरा नन्दकिशोर र छोरी अनुराधा भने २ महिना अघि नै पक्राउ परी ठगी तथा अपराधीक विश्वासघात मुदामा सप्तरी जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागी राजविराज कारागारमा छन् ।

सो मुद्दामा फरार रहेका साहलाई खोजी गर्न प्रहरीले लागिपरे पनि हालसम्म फेला नपरेको र लुकेर वसेको हुन सक्ने सम्भावित स्थानहरुमा खोज तलास कार्य जारी राखेको जनाउदै आएको छ ।

साह परिवार माथी जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय ब्यक्तीले लिएको ऋण र ब्याज चुक्ता गरिसके पनि धितो फिर्ता नगरेको आरोप छ ।

## मन्त्री साह र प्रतिनिधिसभा सदस्य यादवद्वारा एक महिनाको तलब मदरसालाई प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साहले आफ्नो एक महिनाको तलब सुविधा अस्त ब्यस्त अवस्थामा रहेको मदरसालाई व्यवस्थित ढंगले संचालन गर्न सहयोग उपलब्ध गराएका छन् ।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. २ महादेवपट्टीस्थित दारुल कुरान मदरसाको निरिक्षण गर्न आईपुगेका मन्त्री साहले आफ्नो एक महिनाको तलब सुविधा गरी ७१ हजार रुपैया मदरसालाई सहयोग उपलब्ध गराएका हुन् ।

जिल्लामा प्रदेश सरकारको सहयोगमा मन्दिर, मदरसा, विद्यालय भवन, सामुदायिक भवन, इदगाहा, खेलकुद भवन, धर्मशाला, स्वास्थ्य चौकी लगायतका संरचना निर्माणमा मन्त्री साह व्यस्त छन् । तीन महिनाको अवधीमा सप्तरीमा मात्र मन्त्री साहद्वारा २३ वटा नयाँ संरचनाको निर्माण कार्य पुरा भइ उद्घाटन समेत गरिसकिएको छ ।

मन्त्री साहका स्वकिय सचिव राजकुमार यादवले सप्तरीमा मात्र होइन, प्रदेशका अन्य जिल्लाहरुमा समेत प्रदेश सरकारको सहयोगमा निर्माण भएका ५ दर्जन भन्दा बढी संरचनाको मन्त्री साहले उदघाटन गरिसकेको जानकारी दिएका छन् ।

यस्तै उनी संगै पुगेका प्रतिनीधी सभासदस्य डा. सुर्य नारायण यादवले पनि सो अवसरमा मदरसा व्यवस्थापनका लागी आफ्नो एक महिनाको तलब भत्ता सहयोग गर्ने घोषणा गरे ।

डा. यादवले सहयोग घोषणा गरेको रकम १/२ दिन भित्रै मदरसा व्यवस्थापन समितीको खातामा जम्मा गरि दिने प्रतिबद्धता जनाए ।

सो अवसरमा मधेश प्रदेश आम संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, जसपा कंचनरुप नगरपालिकाका अध्यक्ष सुदम्बर यादव, जसपाका नेता भोला पासवान लगायतको उपस्थिती रहेको थियो ।

## दुई सय ७१ जना संक्रमित, एकको निधन

**दैनिक समाचारदाता**
**काठमाडौं, १५ भदौ ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमणबाट बुधबार दुई सय ७१ जना संक्रमित भएको बताउँदै बुधबार संक्रमित मध्ये एक जनाको निधन भएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले तीन हजार नौ सय २० परीक्षणमध्ये दुई सय ७१ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको जानकारी दिएका छन् ।

उनले एक हप्तामा छ जनाको निधन भएको तथा चाडपर्वमा हुनसक्ने भीडभाडमा संक्रमण बढ्नसक्ने बताए ।

सक्रिय संक्रमितको संख्या तीन हजार एक सय ९४ जना पुगेको छ । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् ।

संक्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालीकोट, हुम्ला, जुम्ला, बझाङ, डोल्पा र मुगु रहेका छन् । हाल होम आइसोलेसनमा तीन हजार ४६, संस्थागत आइसोलेसनमा एक सय ४८, सघन उपचार कक्ष (आइसियु)मा ४२ र भेन्टिलेटरमा आठ जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा कसैले पनि कोरोना भाइरसविरुद्धको खोप लगाएका छैनन् ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# चाड पर्वमा कोरोनाप्रति सावधानी अपनाऔं

नेपालीहरुको महान चाड दशैं तथा अन्य पर्वहरु नजिकिदै जाँदा कोरोनाको त्रास पनि बढ्दै गएको छ । विगतका वर्षहरुमा कोरोना महामारीले विश्वलाई नै त्रसित बनाएको थियो । र अहिले पनि कोरोनाबाट विश्व मुक्त हुन सकिरहेको छैन् । चाड पर्वको सुरुवातसँगै पुनः महामारी फैलिन सक्ने संकेत देखिन थालेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पूर्णरुपमा सर्तकता अपनाउन अपिल गरेको छ ।

विगतमा कोरोना महामारीका कारण सम्पूर्ण विश्व लकडाउन हुन बाध्य भयो । यस अवधीमा अनगिन्ती मानविय क्षति त भयो विश्व नै कयौं वर्ष पछाडी पर्‍यो । यस्तो अवस्था अहिले महामारीबाट केही राहत भएपनि पूर्ण रुपले उन्मूलन हुन सकिरहेको छैन् । यसरी प्राकृतिक विपदका कारण नेपालसहित सम्पूर्ण विश्व स्तब्ध भएको छ ।

तसर्थ महामारीलाई समुदायस्तरमा फैलिन नदिन समयमै सचेत हुनु आवश्यक छ । कुनै पनि विपद आउँदा कोही पनि हतास नभई यसलाई सामना गर्न सक्नु पर्छ । यसर्थ आजैदेखी महामारीलाई परास्त गर्न पुर्ण रुपले स्वास्थ्य मापदण्डको पालना गर्नेतर्फ अग्रसर होऔं । अनिमात्र चाडपर्व त्रासमुक्त तरिकाले मनाउन सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नवौं राष्ट्रिय खेलकुद : चार दशकपछि पोखरामा बृहत् प्रतियोगिता हुँदै

**नारायणप्रसाद न्यौपाने**
काठमाडौँ, १५ भदौ (रासस) ।

मुलुककै सुन्दर पर्यटकीय नगरी कास्कीको पोखरामा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ । प्रतियोगितामा तीन हजार छ सय ८५ महिलासहित सात हजार सात सय ९० खेलाडीले विभिन्न ३६ खेल विधामा प्रतिस्पर्धा गर्नेछन् । नेपालको खेलकुदको इतिहासमा पोखरामा चार दशकपछि दोस्रोपटक राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेको हो । यसअघि २०४० चैत १२ देखि २० गतेसम्म पोखरामा 'दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता' आयोजना गरिएको थियो ।

प्रतियोगिता आयोजक कार्यकारिणी समितिका सदस्यसचिव फणिन्द्र पौडेलका अनुसार प्रतियोगितामा सात प्रदेश, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र गैरआवासीय नेपाली सङ्घ (एनआरएन)का खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । प्रत्येक टोलीबाट कम्तीमा तीन सय ३५ महिला र तीन सय ७४ पुरुष खेलाडीको सहभागिता रहने छ ।

**३६ खेल खेलाइने**

नवौँ राष्ट्रिय खेलकुदमा फुटबल, क्रिकेट, टेनिस, एथलेक्टिस, भारत्तोलन, सुटिङ, ब्याडमिन्टन, टेबलटेनिस, बक्सिङ, भलिबल, बुद्धिचाल, खोखो, कराँते, जिम्न्याष्टिक, पौडी र कबड्डी खेल समावेश गरिएको छ । यस्तै हयाण्डबल, जुडो, कुस्ती, फुटबल, कराते, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, आइटिएफ तेक्वान्दो, सेपाताक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन र प्यारा ग्लाइडिङ पनि प्रतियोगितामा समेटिएका छन् ।

प्रतियोगिता धेरैभन्दा धेरै खेलाडीबीच प्रतिस्पर्धा होस् भन्ने हेतुले खेलाडी तयार गर्न प्रत्येक प्रदेशलाई रु ४९ लाखका दरले रकम उपलब्ध गराएको युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले जानकारी दिनुभयो । मन्त्रालयका अनुसार प्रतियोगिता भव्य र सभ्यरूपमा सम्पन्न गर्न गण्डकी प्रदेश सरकारले हरतवरले सहयोग पुर्‍याउने ऐक्यबद्धतासहित प्रतिबद्धता जनाइसकेको छ । प्रतियोगिताअन्तर्गत १८ विधाका खेल पोखरामा हुनेछन् भने केही खेल गण्डकी प्रदेश मातहतका अरु जिल्लामा सञ्चालन गरिनेछन् । खेलाडी, प्रशिक्षक, आयोजक समिति, निर्णायकमण्डलसहित करिब १२ हजार पाँच सय जना प्रत्यक्ष सहभागी हुने उक्त प्रतियोगिता खेल उत्सवका रूपमा रहने रेग्मी बताउनुहुन्छ ।

**दश लाख रुपैयाँको 'रनिङ ट्रफी'**

राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ सुरुआतका रूपमा यसपटकदेखि सुन र चाँदीजडित करिब रु १० लाख लागतमा तयार गरिने 'रनिङ ट्रफी'को व्यवस्था गरिएको छ । तीनपटक लगातार प्रतियोगिता जित्ने टोलीलाई उक्त ट्रफी प्रदान गरिनेछ । विश्वका अन्य मुलुकमा पनि यस्तो अभ्यास रहेको सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताअन्तर्गत व्यक्तिगत प्रतिस्पर्धामा स्वर्ण पदक जित्नेलाई रु २५ हजार तथा सामूहिकतर्फका स्वर्ण पदकधारीलाई रु १५ हजार नगद पुरस्कार प्रदान गरिने सचिव रेग्मी बताउनुहुन्छ ।

**साठी करोड खर्च हुने अनुमान**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तीन सय ९३ स्वर्ण, तीन सय ९३ रजत र छ सय कास्य पदक यसअघि नै तय भइसकेको छ । प्रतियोगिताका सिलसिलामा चार सय आठ प्रतिस्पर्धा हुनेछन् । प्रतियोगिताका लागि लोगो, मस्कट र नारा छनोट भइसकेको छ । प्रतियोगिता सम्पन्न गर्न करिब रु ६० करोड बजेटको सुनिश्चितता भएको छ ।

प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने निर्देशिका स्वीकृत, मूल आयोजक समिति र अरु १३ विषयगत उपसमिति गठन तथा कार्यकारी समितिको सचिवालय स्थापनाको काम यसअघि नै सम्पन्न भइसकेको सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताका सन्दर्भमा खेलसामग्री, पोशाक, किट ब्यागलगायत खरिदका लागि लागत अनुमान कमिटी गठनमात्र होइन, खरिदका लागि बोलपत्र आह्वान पनि भइसकेको छ । प्रचार-प्रसारको काम पनि यसअघि नै प्रारम्भ गरिसकिएको छ । अहिले खेलस्थलको अनुमगन र निरीक्षण गरी अन्तिम टुङ्गो लगाउने कार्य भइरहेको छ ।

राष्ट्रिय ट्रफी, विजेता ट्रफी र मेडलको नमूना तयार गरी खरिद प्रक्रियासमेत अघि बढिसकेको आयोजक समितिले जानकारी दिएको छ । नेपालको साहसिक खेलका रूपमा ठूलो सम्भावना बोकेको क्यानोइङ तथा नेपालको परम्परागत छेलोलाई प्रदर्शनी खेलका रूपमा राखिएको छ । 'स्वास्थ्यका लागि खेल' भन्ने नारालाई सार्थकता प्रदान गर्न यस्ता राष्ट्रिय प्रतियोगिताले थप हौसला प्रदान गर्ने सचिव रेग्मी बताउनुहुन्छ ।

निजी क्षेत्रका तर्फबाट पनि प्रतियोगितामा योगदान होस् भन्ने उद्देश्यले प्रायोजकका रूपमा उहाँहरूलाई समावेश गर्ने तयारी भइरहेको युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरामा प्रतियोगिता आयोजना गर्ने सन्दर्भमा प्रदेश सरकार र स्थानीय सरकार अत्यन्तै उत्साहित छन् । बजेटको सुनिश्चिता भइसकेको छ ।"

**सहभागिता, समन्वय र सहजीकरण गर्न आह्वान**

प्रतियोगितालाई सफल तुल्याउने सिलसिलामा सहभागिता, समन्वय र सहजीकरणका लागि आयोजक समितिले सातै प्रदेश सरकारलाई पत्रचार गरिसकेको छ । सातै प्रदेशका मुख्यमन्त्री, खेलकुद मन्त्रालका पदाधिकारी र प्रमुख सचिवलाई भेटेर अधिकभन्दा अधिक खेलाडी सहभागी गराई खेलक्षेत्रको प्रतिस्पर्धाको स्तरवृद्धिमा सहयोग पुर्‍याउन अनुरोध गरिने सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताअन्तर्गत अधिकांश खेलमा महिला र पुरुषको समान सहभागिता रहनेछ ।

विगतमा सङ्घीय संरचनाको ढाँचामा हुँदै आएको राष्ट्रिय खेलकुद प्रतियोगिता यसपटक भने प्रादेशिक संरचनामा पहिलोपटक हुन लागेको सचिव रेग्मीले बताउनुहुन्छ । यसपटक गण्डकी प्रदेश खेलकुद परिषद्लाई सहआयोजकका रूपमा अघि सारिएको छ । सातै प्रदेशका खेलकुदमन्त्री रहने गरी समन्वय समिति गठन गरिएको छ ।

कोरोना सङ्क्रमण, पर्यटक आगमनको याम (सिजन) तथा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मुखैमा प्रतियोगिता हुन लागेकाले खेलाडी व्यवस्थापनलगायतमा केही चुनौती आउनसक्ने पूर्वानुमान गरी पर्याप्त होसियारी अपनाइएको आयोजक समितिले जनाएको छ ।

**राष्ट्रिय खेलकुद प्रतियोगिताको इतिहास**

पहिलो राष्ट्रिय खेलकुद प्रतियोगिता २०३८ भदौ २७ देखि असोज ४ गतेसम्म काठमाडौँमा भएको थियो । उक्त प्रतियोगितामा बागमती अञ्चल विजयी भएको थियो । उक्त प्रतियोगितामा दुई सय २३ महिलासहित एक हजार चार सय ४३ खेलाडीले १६ खेलमा दुई सय २६ पदकका लागि प्रतिस्पर्धा गरेका थिए ।

विसं २०४० चैत १२ देखि २० गतेसम्म पोखरामा आयोजना भएको दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगितामा १९ खेल विधामा तीन सय ७० पदकका लागि पाँच सय ३९ महिलासहित दुई हजार ५७ खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । विसं २०४२ फागुन २३ देखि चैत १ गतेसम्म वीरगञ्जमा भएको तेस्रो राष्ट्रिय खेलकुदमा सात सय ३८ महिलासहित दुई हजार सात सय ७५ खेलाडी २१ खेल विधामार्फत तीन सय ७० पदका लागि प्रतिस्पर्धा गरेको इतिहास छ ।

बाँकेको नेपालगञ्जमा २०५५ चैत ८ देखि १४ गतेसम्म पाँच विकास क्षेत्र, नेपाली सेना र नेपाल प्रहरीको टोलीले १२ खेल विधामार्फत चार सय ६९ पदकका लागि प्रतिस्पर्धा गरेकामा मध्यमाञ्चल विजयी भएको थियो । उक्त चौथो राष्ट्रिय खेलकुद प्रतियोगितामा एक हजार छ सय ६२ खेलाडीबीच पदकका लागि भिडन्त भएको थियो ।

काठमाडौँमा २०६५ चैत २४ देखि ३० गतेसम्म भएको पाँचौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पाँच विकास क्षेत्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र तत्कालिन जनमुक्ति सेनाबीच प्रतिस्पर्धा भएकामा मध्यमाञ्चल विजयी भएको थियो । प्रतियोगितामा छ सय ४६ पदक र १३ खेल विधा कायम गरिएको थियो ।

यस्तै सुदूरपश्चिमको कैलाली, कञ्चनपुर र डडेल्धुरामा २०६८ चैत २४ देखि २८ गतेसम्म भएको छैटौँ राष्ट्रिय प्रतियोगितामा पाँच विकास क्षेत्र, नेपाली सेना, एपिएफ, त्रिभुवन विश्वविद्यालय र तत्कालिन जनमुक्ति सेनाका एक हजार तीन सय ९४ महिलासहित तीन हजार छ सय २८ खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । उक्त प्रतियोगितामा मध्यमाञ्चल विजयी भयो । प्रतियोगितामा ३६ खेल विधा र एक हजार तीन सय ८६ पदक कायम गरिएको युवा तथा खेलकुद मन्त्रालयको तथ्याङ्ककमा उल्लेख छ ।

यसैगरी पूर्वाञ्चल विकास क्षेत्रको झापा, मोरङ, सुनसरीलगायत जिल्लामा २०७३ पुस ८ देखि १५ गतेसम्म भएको सातौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा ३१ खेल विधाका लागि नौ सय दुई पदक कायम गरिएको थियो । प्रतियोगितामा पाँच विकास क्षेत्र र तीन विभागीय टिमका एक हजार छ सय ६९ महिलासहित तीन हजार नौ सय ७२ खेलाडीबीच प्रतिस्पर्धा भएको हो ।

आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता २०७५ वैशाख ५ देखि ११ गतेसम्म बाँके, बर्दिया, दाङलगायत जिल्लामा सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा दुई हजार चार सय नौ महिला खेलाडीसहित पाँच हजार तीन सय पाँच खेलाडीले ३५ खेल विधामार्फत एक हजार एक सय ५८ पदकका लागि प्रतिस्पर्धा गरेका थिए । घुम्न अत्यन्तै अनुकूल मौसम र वातावरणमा हुन लागेको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धन गर्न थप योगदान पुर्‍याउने विश्वास गरिएको छ ।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# साइबर अपराधबाट कसरी जोगिने ?

**ई कुमार अभिनव**

सामाजिक सञ्जाल अहिलेको संसारमा व्यक्तिहरूको लागि नभई नहुने कुरा भएको छ । वर्तमान समयमा कुनै पनि व्यक्ति यसको प्रयोगबाट वञ्चित छैन । विश्वका अधिकांश देशको डिजिटल युगमा सामाजिक सञ्जालको ठूलो योगदान छ । जसरी डिजिटल युगले फड्को मार्दैछ । त्यसै गरी अपराध कर्म पनि बढ्दै गएको छ । विश्वका अधिकांश साइबर अपराधमा सामाजिक सञ्जालको प्रयोग बढी भएको पाइन्छ ।

उदाहरणको रुपमा एकजना युवतीलाई फेसबुकमार्फत् चिनजान गरेर भेट्न बोलाइ बलात्कार गरेको आरोपमा प्रहरीले ईलाम घर भइ राजधानीमा व्यवसाय गर्दै आएका अमन पाण्डेलाई हालै पक्राउ गर्यो । प्रहरीका अनुसार फेसबुकबाट बाक्लो कुराकानी हुन थालेपछि अमनले इटहरीकी युवतीलाई भेट्न बोलाए । सहमतिअनुसार युवती एक्लै चितवन आइन् । यस्तै अरु तीन जना साथीसहित काठमाडौंबाट चितवन पुगेका अमनले युवतीलाई घुम्ने बहानामा त्यहीँबाट पोखरा लगे ।

पोखरा लगेपछि चारैजना पोखरास्थित एक होटलमा बास बसे । सो क्रममा अमन र अर्का युवकले युवतीलाई बलात्कार गरे । घटनापछि युवतीले काठमाडौं आएर प्रहरीवृत्तमा आफू बलात्कृत भएको उजुरी दिइन् । उजुरी लगत्तै प्रहरीले अमनलाई राजधानीबाट पक्राउ गर्यो ।

उता २४ वर्षीया शमिला ( नाम परिवर्तन) सामाजिक सञ्जाल 'इमो' मार्फत् सम्पर्कमा आएका युवक लक्ष्मीकान्तसँग दुइ साता च्याट गरिन् । सो क्रममा नम्बर साटासाट गरिन् । फोनमा उनीहरु विवाह गरेर घरजम गर्न सहमत भए ।

विराटनगर घर भएका लक्ष्मीकान्तले दुइ सातापछि शर्मिलालाई फोन गरेर भने, 'आज तीनकुने चोकमा भेटौं,मन्दिरमा विवाह गरौं ।' त्यसको केही दिनपछि शर्मिला लक्ष्मीकान्तलाई भेट्न गइन् । विवाह गरेर घरजम गर्ने सपना सम्हालेर तीनकुने चोकमा आएकी शर्मिलालाई लक्ष्मीकान्तले ट्याक्सीमा चढाएर गेष्ट हाउसमा लगे । अनि बलात्कार गरे ।

सामाजिक सञ्जालको नकारात्मक प्रयोगले समाजमा यसले विकृति पैदा गरिरहेको छ । साइबर अपराधमा कम्प्युटरलाई अपराधको साधनको रुपमा लिइन्छ । अर्थात् साइबर अपराध भनेको कम्प्युटर नेटवर्कमार्फत गरिएको आपराधिक गतिविधि हो ।

अहिलेको युगमा सामाजिक सञ्जालको उपयोगबाट कोही व्यक्तिपनि वञ्चित छैन । विज्ञान तथा प्रविधिको युगमा सामाजिक सञ्जालमा मानिसको प्रायः दिनचर्या बितेको देख्न सकिन्छ । करिब ६० प्रतिशतभन्दा बढी महिला साइबर बुलिङ (बदमाशी) को शिकार भएका छन् । नेपालमा पनि प्रायः स्कूल तथा कलेजका युवायुवतीहरु यसको चपेटामा परेको देख्न सकिन्छ । साइबर अपराधका घटनामा वृद्धि भइरहेको नेपाल प्रहरीको वार्षिक तथ्याङ्कले देखाएको छ ।

**साइबर अपराधमा परे कहाँ उजुरी गर्ने ?**

सामाजिक सञ्जालबाट महिलाहरु साइबर अपराधमा परेपछि समाजको डर त्रासले कसैसँग शेयर गर्दैनन् । जसले गर्दा मानसिक तनावमा हुन्छन्, यसले आत्महत्याको संख्यामा बृद्धि भएको देख्न सकिन्छ । आफ्नो इज्जत जान डरले सामाजिक सञ्जालबाट हुने तनाव कसैसँग शेयर नगर्नाले साइबर अपराधीहरुलाई फाइदा पुगेको देखिन्छ ।

त्यसतै धेरै महिलालाई साइबर अपराधको रिपोर्ट कहाँ र कसरी गर्ने भन्ने अन्योलमा हुँदा अपराधीहरूको मनोवल अझै उच्च भएको देख्न सकिन्छ । जसकारण समाजमा दिनप्रतिदिन साइबर अपराध वृद्धि भैरहेको छ ।

यदि तपाई कुनै साइबर आपराधमा पर्नुभयो भने नजिकको प्रहरी कार्यालय वा साइबर सेलमा गएर उजुरी दिन सक्नुहुन्छ । यदि तपाई भौतिक रुपमा उपस्थिति हुन नसके नेपाल प्रहरीको ईमेल cyberbureau@nepalpolice.gov.np वा spokesperson@nepalpolice.gov.np वा साइबर ब्यूरोको सम्पर्क नम्बर ०१-४२१९०४४, ०१-४२१९०४८, ९८५१२८६७७० मार्फत पनि उजुरी दिन सकिन्छ । साइबर शाखाले अनलाइन तथा अफ्लाइनमा दिइएको उजुरीमाथि पनि डील गर्दछ । उजुरी दिएपछि तपाईंको व्यक्तिगत जानकारी गोप्य । त्यसैले निर्धक्क भएर उजुरी दिन सकिन्छ ।

**साइबर अपराधबाट बच्ने उपाय**

तपाई कुनैपनि अज्ञात साइटमा आफ्नो व्यक्तिगत विवरण साझेदारी नगर्नुहोस् । तपाईंको जन्मदिन,बीचको नाम वा प्रेमिकाको नाममा आधारित पासवर्ड प्रयोग नगर्नुहोस् । ह्याकरहरूले यस प्रकारको पासवर्ड सजिलैसँग तोड्न सक्छन् । त्यसैले कडा पासवर्डको प्रयोग गर्नुपर्छ ।

कहिल्यै अनावश्यक सफ्टवेयर वा एपलिकेशन जस्तै डेटिङ एप,अनलाइन गेमिङलाई अज्ञात स्रोतबाट इन्स्टल नगर्नुहोस् । जब तपाई इमेल चेक गर्दै हुनुहुन्छ वा मेसेन्जरमा च्याट गर्दै हुनुहुन्छ,तब कुनै पनि अज्ञात व्यक्तिले पठाएको सन्देशमा संलग्न लिंकमा क्लिक गर्दा होशियार हुनुहोस् । सामाजिक सञ्जालमा चिनजान भएकालाई भेट्नै परे भरपर्दो साथी लिएर जानुहोस् । उसको तीनपुस्ते पत्ता लगाउनु होस् । लेखक इन्जिनियर तथा साइबर सुरक्षा विश्लेषक हुन् । रातोपाटीबाट

# पारम्पारिक कुलो मर्मत गरी साढे तीन हजार बिघामा सिँचाइ

धनुषा, १५ भदौ (रासस) ।

यहाँका केही गाउँमा वर्षौं पुराना कुलो जीर्णाद्धार गरिएपछि किसानको सिँचाइको समस्या समाधान भएको छ । वर्षौं पुरानो कुलो जीर्णोद्धार गरेपछि अहिले किसानले सिँचाइको समस्या भोग्नुपरेको छैन । जनकपुरधाम उपमहानगरपालिकाको सक्रियतामा ३० वर्षपछि बिग्घी नदीमा बाँध बाँधेर पारम्पारिक कुलोको जीर्णाद्धार गरिएपछि अहिले केही गाउँमा सिँचाइको समस्या हटेको छ ।

पर्याप्त वर्षा नहुँदा सबैले खेतमा रोपाइ गर्न नसकेका बेला कुलो जीर्णाद्धारपछि खेतमा पुगेको सिँचाइले जनकपुरधाम-२१ कुर्था, लक्ष्मीनिया गाउँपालिका-२ का दोहर र सिनुरजोडा तथा महोत्तरीको लोहारपट्टी नगरपालिकाका तपनपुर, महदैया र बसपिटीलगायत गाउँका खेतमा लगाइएको धानमा सिँचाइ पुगेको छ । जनकपुरधाम-२१ कुर्थाका किसान चित्रनारायण साहले भन्नुभयो, "दोहरदेखि कुर्थासम्म र दोहरभन्दा तलदेखि महोत्तरीको तपनपुर-महदैयासम्म कुलो खनिएको छ, पारम्पारिक कुलोको जीर्णाद्धार गरेर खनिएको कुलोबाट यहाँ खेत खेतमा पानी पुगेको छ ।" आकाशे पानीको भरमा खेती गर्ने यहाँका किसानलाई यसवर्ष समयमा मलखाद नपाउनुका साथै लामो समयसम्म पानी नपर्दा खडेरीको समस्या बल्झिने भएपछि उपमहानगर र किसानको सक्रियतामा सिँचाइ सम्भव भएको स्थानीयले बताउनुभयो ।

कुलो जीर्णाद्धारपछि अहिले आठ किलोमिटर लामो कुलोबाट दोहरको एक सय बिघा, सिनुरजोडाको पाँच सय, तपनपुरको पाँच सय, महदैयाको पाँच सय, कुर्थाको एक हजार तीन सय र बिसपिटीको पाँच सय बिघा गरी कुल तीन हजार छ सय बिघामा सिँचाइ सुविधा उपलब्ध भएको छ । जनकपुरधाम-२१ का वडाध्यक्ष राजनारायण साहले आफू सानो हुँदा गाउँमा तीन बाली फलेको बाबु बाजेले सुनाउने गरेको बताउँदै भन्नुभयो, "३० वर्षयता बाँध बाँधिएको थिएन, चुनाव ताका हामीले बाँध र कुलोलाई चुनावी नारा नै बनायौं, मतदाता पत्याउनुभयो अनि नगरप्रमुखले विश्वास गरेपछि यो सम्भव भएको हो ।"

वडाध्यक्ष साहका अनुसार बाँध निर्माण र कुलो जीर्णोद्धारमा हालसम्म रु १८ लाख खर्च भएको छ । मुख्य खर्च डोजरबाट माटो खन्ने र पुर्ने काममा भएको हो । स्थानीयले पनि श्रमदान गरेका छन् । कमला सिँचाइ आयोजनाका पूर्व डिभिजनल इञ्जिनीयर रत्नेश्वरलाल कर्णका अनुसार सुक्खामा पारम्पारिक पद्धतिबाट मधेसका अधिकांश खेतीयोग्य जग्गामा सिँचाइ गर्न सकिन्छ । अधिकांश गाउँमा पारम्पारिक कुलोका अवशेष पनि छन् । कर्णले सिँचाइको स्थायी संरचना निर्माण गर्दा पनि पुराना कुलोलाई नहरका रूपमा प्रयोग गर्न सके अझ राम्रो हुने सुझाव दिनुभयो ।




डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## कोरियामा कोरोनाबाट पचहत्तर जनाको मृत्यु, भारतमा पनि बिरामी बढे

सोल, १५ भदौ (रासस/एपी) ।

दक्षिण कोरिया, न्युजिल्याण्ड र मलेसियामा कोभिड-१९ सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या मङ्गलबार पनि अप्रत्यासितरूपमा बढेको छ । चिनियाँ समाचार समिति सिन्ह्वाका अनुसार मङ्गलबार दक्षिण कोरियामा ७५, मलेसियामा चार र न्युजिल्याण्डमा अनुसार १७ जनाको मृत्यु भएको छ ।

न्युजिल्याण्डको स्वास्थ्य मन्त्रालयले बुधबार जनाएअनुसार अघिल्लो महिनाको तुलनामा नयाँ सङ्क्रमितको सङ्ख्या लगातार घटेको छ । मङ्गलबार मध्यरातसम्मको विवरण सार्वजनिक गर्दै सरकारी अधिकारीले देशका विभिन्न भागमा दुई हजार दुई सय ४४ नयाँ बिरामी थपिएका बताएका छन् ।

एक महिनाअघि न्युजिल्याण्डमा दैनिकरूपमा १० हजारभन्दा बढी नयाँ सङ्क्रमित फेला परेका थिए । बिरामीको देशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । हाल न्युजिल्याण्डमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या १७ लाख २४ हजार सात सय २४ रहेको छ भने यो रोगको सङ्क्रमणबाट एक हजार आठ सय ९३ जनाले ज्यान गुमाएका छन् ।

यसैबीच, मलेसियामा मङ्गलबार मध्यरातसम्मको विवरणअनुसार चार जनाले कोभिड-१९ बाट ज्यान गुमाएका छन् । हालसम्म मलेसियामा ३६ हजार दुई सय १० जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ । देशमा कुल ४७ लाख ८० हजार दुई सय ८४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

दक्षिण कोरियामा भने महामारी साम्य हुने लक्षण देखिएको छैन । मङ्गलबार एकै दिन ७५ जनाको मृत्यु भएको छ । सोमबार मध्यरात सार्वजनिक गरिएको विवरणअनुसार देशमा एक लाख तीन हजार नौ सय ६१ जना नयाँ सङ्क्रमित थपिएका छन् । हाल दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३२ लाख ४६ हजार तीन सय ८९ पुगेको छ ।

सोमबारको तुलनामा मङ्गलबार भारतमा पनि कोरोनाका बिरामी बढेका छन् । भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार सात हजार दुई सय ३१ जनामा कोभिड-१९ पुष्टि भएको जनाएको छ । नयाँ बिरामी थपिएसँगै देशभरका सङ्क्रमितको सङ्ख्या चार करोड ४४ लाख २८ हजार तीन सय ९३ पुगेको छ । मङ्गलबार उक्त रोग लागेर ४५ जनाको मृत्यु भएको छ । महामारी प्रारम्भ भएयता भारतमा कोरोना लागेर पाँच लाख २७ हजार आठ सय ७४ जनाको ज्यान गइसकेको छ ।

## पाकिस्तानी प्रधानमन्त्रीद्वारा बाढीपीडितका लागि अन्तरराष्ट्रिय सहयोगको अपिल

इस्लामावाद, १५ भदौ (रासस) ।

पाकिस्तानका प्रधानमन्त्री साबाज शरिफले पाकिस्तानमा बाढीले इतिहासमै सबैभन्दा खराबरुपमा प्रभावित पारेको बताउनुभएको छ । प्रधानमन्त्री शरिफले बाढीका कारण पाकिस्तानमा अहिले इतिहासमै सबैभन्दा बढी क्षति पुगेको बताउँदै सहयोगका लागि सबैसँग अपिल गर्नुभएको हो ।

उहाँले पाकिस्तानी नागरिकका साथै विदेशी दाता निकाय तथा देशसँग सो अपिल गर्नुभएको प्राप्त समाचारमा जनाइएको छ । बाढीका कारण विस्थापित भएका व्यक्तिको सङ्ख्या दशौं लाख भएकाले उनीहरुको उद्धार, पुनर्स्थापना र राहतका लागि ठूलो आर्थिक सहयोग आवश्यक रहेको भन्दै यसका लागि उहाँले आग्रह गर्नुभएको छ ।

यहाँका कैयौं प्रान्तमा बाढीले गरेको क्षति न्युनिकरणका लागि सरकारले प्रयत्न गरिरहेको भए पनि सबै नागरिकलाई बास र खानपिनको उचित व्यवस्थापन गर्न सम्भव हुन सकेको छैन ।

त्यसैले उनीहरुलाई राहात र पुनर्स्थापनाका लागि ठूलो मात्रामा आर्थिक सहयोग आवश्यक परेको भन्दै अन्तरराष्ट्रिय समुदायसँग सहयोगको अपिल गर्नुभएको हो ।

पाकिस्तानका विभिन्न भागमा परेको अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परेर एक हजार एक सयभन्दा बढी मानिसको मृत्यु भएको छ ।

यो बाढीमा परेर तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । यहाँ गएको हप्तादेखि अविरलरुपमा वर्षा भएको छ ।

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार पाकिस्तानमा बितेका दुई महिनामा वर्षाजन्य दुर्घटनामा परेर ती व्यक्तिको मृत्यु भएको हो । यहाँका एक हजार छ सय ३४ जना घाइते भई अस्पतालमा रहेका छन् ।

पाकिस्तानी अधिकारीका अनुसार यहाँका बलुचिस्तान, गिलगिट बाल्टिस्तान, खैबर पख्तुनख्वा र सिन्ध प्रान्त बाढी र त्यसपछि आएको पहिरोबाट बढी मात्रामा प्रभावित छन् ।

बाढी र पहिरोले सडक बगाएको, पशु चौपाया बगाएको, पुल भत्काएको तथा ठूलो क्षेत्रमा लगाएको बाली पनि नष्ट गरिदिएको बताइएको छ ।

# यात्रुबाहक बस पल्टिदा १९ जना यात्रु घाइते, दुईको अवस्था गम्भिर



**दैनिक समाचारदाता राजविराज, १५ भदौ ।**

पूर्वपश्चिम राजमार्ग अर्न्तगत सप्तरीको रुपनगरमा बुधबार एक यात्रुबाहक बस पल्टिदा १९ जना यात्रु घाइते भएका छन । ती मध्ये दुई जनाको अवस्था गम्भिर रहेको छ ।

गाईघाटबाट धरानतर्फ जादै गरेको को.१ख. ३५२३ नम्बरको बस कंचनरुप नगरपालिका वडा नं. ९ स्थित रुपनगरको हनुमान मन्दिर अगाडीमा आफै अनियत्रित भइ पल्टिएको स्थानियवासीले जबताएका छन् ।

बसमा सवार १९ जना यात्रु घाइते भएको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायव उपरिक्षक रामकुमार यादवले जानकारी दिएका छन् । जस मध्ये दुई जनाको अवस्था गम्भिर रहेकाले तत्काले बिराटनगरस्थित गोल्डेन अस्पताल उपचारका लागि पठाइएको उनले बताए ।

यस्तै अन्य यात्रुको स्थानिय धर्मेश्वर अस्पतालमा उपचारका लागि भर्ना गरिएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पत्रकार श्रेष्ठ, भट्टराई र कुँवर उम्मेदवारीमा सिफारिस

काठमाडौँ, १५ भदौ (रासस) ।

नेकपा (एकीकृत समाजवादी) केन्द्रीय प्रचार विभागले विभागका उपप्रमुख शम्भु श्रेष्ठ, सदस्य चमिना भट्टराई र राजेन्द्र कुँवरलाई आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवारीका लागि सिफारिस गरेको छ ।

विभाग प्रमुख तथा पार्टी उपमहासचिव जगन्नाथ खतिवडाको अध्यक्षतामा बुधबार पार्टी कार्यालयमा बसेको तेस्रो पूर्ण बैठकले श्रेष्ठलाई सङ्घीय सांसदमा तथा समानुपातिकमा भट्टराई र कुँवरलाई क्रमशः बारा ३(क) र अछाम १(क) बाट प्रदेशसभामा प्रत्यक्ष प्रणालीतर्फ सिफारिस गरेको हो ।

बैठकले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा केन्द्रित हुने गरी प्रचारप्रसारलाई तीव्र बनाउन विभाग र समाजवादी प्रेस सङ्गठन नेपालका विभिन्न पदाधिकारी एवं केन्द्रीय सदस्यलाई केन्द्र र भूगोलमा जिम्मेवारी दिने निर्णय गरेको विभागका सचिव प्रकाश खतिवडाले जानकारी दिनुभयो । विभागले पार्टी घोषणापत्रमा सञ्चार विषयमा समेटिने बुँदाका लागि विभागका सदस्य र पत्रकारहरूसँग सुझाव पनि मागेको छ ।

विभागले 'कलम' न्युज पोर्टल र पत्रिकालाई निरन्तरता दिने, जर्नलका रूपमा पार्टी मुखपत्र 'समाजवाद' निर्वाचनअघि नै प्रकाशन गर्ने, व्यापक रूपमा सामाजिक सञ्जाल र सञ्चारमाध्यम परिचालन गर्ने, नियमित रूपमा 'मिट द प्रेस' कार्यक्रम आयोजना गर्ने, पार्टी नेता र उम्मेदवारहरूलाई सामाजिक सञ्जालमा आबद्ध गराउनेलगायत सङ्गठन विस्तार, प्रचार सामग्री प्रकाशन तथा उत्पादन आदिबारे पनि निर्णय गरेको छ ।

सो अवसरमा पार्टी उपमहासचिव खतिवडाले वर्तमान गठबन्धनबाट नै बढीभन्दा बढी सिट लिने प्रयास भइरहेको र नेकपा (माओवादी केन्द्र) सँग विभिन्न विषयमा निकटमा रहिरहेको जनाउँदै गठबन्धन असफल भएमा वाममोर्चा बनाउन सकिने सोचाइ पनि रहेको जानकारी दिनुभयो । यसैबीच समाजवादी प्रेस सङ्गठनले यही भदौ महिनाभित्र लुम्बिनी, कर्णाली र सुदूरपश्चिमस्तरीय भेला तथा बैठक गर्ने विभागका अर्का उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो ।

# हात्तीको आक्रमण बढ्दैछ, रोक्ने उपाय के गर्ने ?

काठमाडौँ, १५ भदौ (रासस) ।

जङ्गली हात्तीको आक्रमणबाट नेपालमा वर्षेनी नागरिकको ज्यान जाने क्रम बढेको छ । यही भदौ १३ गते कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ मा जङ्गली हात्तीको आक्रमणबाट १८ वर्षीया मीना जोशीको ज्यान गयो । घरनजिकै हात्ती देखेपछि भाग्ने क्रममा बाँसको झाडीमा हात्तीले जोशीलाई आक्रमण गरेको थियो । वर्षेनी जङ्गली हात्तीको आक्रमणबाट नागरिकको अकालमै ज्यान गएको भए पनि मानवीय क्षति न्यूनीकरण गर्नका लागि हात्ती नियन्त्रणको उपाय नखोजिएको हात्ती पीडितको आरोप छ ।

संरक्षित क्षेत्र (निकुञ्ज-आरक्ष) र नजिकको बस्ती क्षेत्रमा हात्तीको आक्रमणबाट पछिल्लो १७ वर्षमा कम्तीमा दुई सयको मृत्यु भएको पाइएको छ । निकुञ्ज-आरक्ष रहेकोभन्दा बाहिरका जिल्लामा हात्तीको आक्रमणबाट धेरै मानिसको मृत्यु हुने गरेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ । विभागका अनुसार हालसम्म झापामा मात्रै ३७ को मृत्यु भएको छ । यसैगरी बर्दियामा ३५, चितवनमा २०, सप्तरी र बारामा १३-१३, सर्लाहीमा १२, पर्सामा ११, सुनसरी र उदयपुरमा नौ/नौ धनुषा र सिन्धुलीमा आठ/आठ मोरङमा सात, सर्लाही र रौतहटमा छ/छ, मकवानपुरमा तीन र कञ्चनपुरमा यही भदौ १३ गते एकको ज्यान गएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी डिलबहादुर पुर्जापुनका अनुसार पछिल्ला वर्षमा हात्ती, बाघ र गैँडालगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ। यसरी ज्यान गुमाउने व्यक्तिका परिवारलाई राहतस्वरुप रु १० लाख दिने नीतिगत व्यवस्था गरिएको भए पनि हात्ती नियन्त्रणको उपायमा भने ध्यान पुग्न सकेको छैन ।

घाइते हुने व्यक्तिहरका साथै बाली र घरगोठमा क्षति पुगेका परिवारलाई पनि १० देखि ३० हजारसम्म क्षतिपूर्तिको व्यवस्था गरिएको छ । मानवीय बस्तीमा पसेर पटक-पटक वितण्डा मच्चाएकामध्ये अहिलेसम्म विभिन्न स्थानमा आठ वटा हात्तीको घाँटीमा रेडियो कलर जडान गरेर सरकारले तिनीहरुको आउजाउ अनुगमन गरिरहेको सूचना अधिकारी पुर्जापुनले बताउनुभयो । हात्तीका लागि उपयुक्त बासस्थान पछिल्लो समय विभिन्न कारणले खण्डीकृत हुँदै गएको तथा हात्ती हिँड्ने बाटो ( करिडोर) कृषिकर्म, सहरको विस्तारलगायतका कारण अतिक्रमणमा परेका कारण जङ्गली हात्ती मानवीय वस्तीमा पस्ने र बितण्डा मच्चाउने गरेको अनुमान गरिएको छ । सरकारले अघि बढाएको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, विद्युत् प्रसारण लाइन, सिँचाइ, सडक विस्तारलगायतले बासस्थान खल्बलिएपछि हात्तीको ओहोर-दोहोरमा समस्या आएको बिज्ञहरुको बुझाइ छ ।


## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

## धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं

➢धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
➢आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
➢कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
➢धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
➢धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्याउँछ।

त्यसैले,

धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*